सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल

आदेश

०७६-WO-०५५३

विषयः-उत्प्रेषण।

वरिष्ठ अधिवक्ता विश्वप्रकाश भण्डारी समेत------------------------------------ निवेदक

विरुद्ध

प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालय काठमाडौं समेत-------------------- विपक्षी

निवेदकककको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्णप्रसाद भण्डारी, डा. श्री कुमार शर्मा आचार्य, श्री श्रीप्रसाद पण्डित, डा. श्री गोविन्द गौतम, श्री प्रकाशबहादुर के.सी., डा.श्री लक्ष्मीप्रसाद मैनाली, डा. श्री सुरेन्द्र भण्डारी, श्री चन्द्रकान्त ज्ञवाली र विद्वान अधिवक्ताहरु श्री ऋषिकान्त घिमिरे, श्री सुरेन्द्र थापा, डा. श्री दिनमणि पोखरेल, श्री विकास भट्टराई, श्री अनन्तराज लुईटेल, श्री प्रभाकर श्रेष्ठ, श्री ओमप्रकाश अर्याल, श्री गौरी न्यौपाने, श्री रामसुन्दर श्रेष्ठ, श्री उमेश प्रसाद, श्री राजु फुयाल, श्री मनिषराज शर्मा पौडेल, श्री शर्मिली लामा तथा निवेदकहरु वरिष्ठ अधिवक्ता श्री विश्वप्रकाश भण्डारी, अधिवक्ता श्री जनकराज शाह समेतले गर्नु भएको बहस समेत सुनियो।

१. यसमा निवेदकहरुले मुलतः २०७६।७।१५ तदानुसार Nov. 2nd 2019 मा भारत सरकारले प्रकाशन गरेको भारतको नक्सामा नेपालको दार्चुला जिल्ला स्थित कालि नदी ~~पश्चिमको~~ लिम्पियाधुरा आफ्नो नक्सामा पारेको कार्य बदर गर्नुपर्ने तथा नेपालको संविधानको धारा ४(२) (क)मा उल्लेखित क्षेत्रफल एकिन हुनु पर्ने र धारा ९(२) बमोजिमको अनुसूची ३ मा भएको नेपालको नक्सा नेपालको संविधान संशोधनको माध्यमबाट सच्याउनु पर्ने भन्ने माग गरेको देखियो।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्यादवाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघे पछि पेश गर्नू ।

३. यसमा यसै अदालतबाट यहि विषयसँग मिल्दो कञ्चनकृष्ण न्यौपाने निवेदक भएको रिट नं. ०७६-WO-०३८८ र फणिन्द्र नेपाल निवेदक भएको रिट नं. ०७६-WO-०३८९ को रिट निवेदनहरुमा मिति २०७६।८।२९ गते कारण देखाउ आदेश जारी भई अग्राधिकार समेत प्रदान गरेको देखिंदा निवेदकहरुले माग गरेको अन्तरिम आदेशको सम्बन्धमा बोली रहनु परेन। तसर्थ यस निवेदनलाई उक्त निवेदनहरुसँगै राखी पेश गर्नू।

४. निवेदकहरुले उठाएको संविधानको धारा ४(२) (क) अन्तर्गत यो संविधान जारी हुँदाको बखतको नेपालको क्षेत्रफल खुल्ने कुनै तथ्याङ्क वा दस्तावेज विपक्षी भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय वा नापी विभागमा वा नेपाल सरकार अन्तर्गत अन्य कुनै निकायमा भए त्यसको प्रतिलिपि विपक्षी नापी विभागको लिखित जवाफको अनुसूचीको रुपमा पेश गर्नू।

५. त्यस्तै विपक्षी नापी विभाग वा नेपाल सरकारको कुनै निकायमा नेपालको आधिकारिक नक्सा भए त्यसको प्रमाणित प्रतिलिपि तथा सो नक्सा बनाउँदाको इतिहासिक पृष्ठभूमि उल्लेख गर्ने सन् १८१६ को सुगौली सन्धीको अनुसूची सहितको प्रतिलिपि (तथा पेशीको दिन पेश गरी फिर्ता लैजाने गरी सक्कल प्रति), सन् १८६० को तत्कालिन ब्रिटिस इन्डिया सरकारसँग भएको Boundary Treaty तथा निवेदकहरुले रिट निवेदनमा तथा बहसको क्रममा उल्लेख गरेका सन् Feb. 1st 1827 को East India Company द्वारा प्रकाशित नक्सा उपलब्ध भए सो नक्साको प्रति, रिट निवेदनमा उल्लेख भएको सन् १८४६ मा लन्डनबाट प्रकाशित भएको भनिएको नेपालसहितको नक्साको प्रतिसमेत उपलब्ध भए विपक्षी नापी विभागको लिखित जवाफको अनुसूचीको रुपमा यस अदालतमा पेश गर्नू।

६. नेपाल सरकारले सन् १९५५ मा संयुक्त राष्ट्रसँघको सदस्य हुँदा तथा अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रिय संगठनहरुको सदस्य हुँदा सार्वभौम नेपालको अस्तित्व दर्साउने कुनै सन्धि, नक्सा वा दस्तावेज पेश गरेको भए त्यसको प्रतिलिपिहरु विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारबाट लिखित जवाफको अनुसूचीको रुपमा पेश गर्न लगाउनू। साथै नेपाल सरकार राष्ट्रिय योजना आयोग तथा अन्य कुनै निकायमा नेपालको नक्सा सम्बन्धमा कुनै कार्य भएको भए त्यस्ता सामाग्री वा निवेदकहरुले उठाएकको नेपालको दार्चुला जिल्ला स्थीत लिम्पियाधुराको क्षेत्रको प्रश्न समाधान गर्ने अन्य कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय रुपमा उपलब्ध सामाग्रीहरु भए विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारबाट झिकाई नियमानुसार पेश गर्नू।

न्यायाधीश

इति संवत् २०७६ साल पुस १४ गते रोज २ शुभम् ---------------------------------।